# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०८।२७ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला मोरङ, जहदा गाउँपालिका वडा नं. १ का कार्यवहाक वडा अध्यक्ष उमेशकुमार साहले वडा नं. १ स्थित हरिलाल सरवरियाको घरदेखि बाँधसम्मको ग्राभेल सडक निर्माण योजनाको सम्झौता गरी कार्यान्वयन लगायतका कार्यमा सहजीकरण गरी दिने प्रयोजनका लागि घुस रकम माग गरीरहेको भन्ने सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिई गएको टोलीले निजलाई सेवाग्राहीसँग रु २१,०००।–(एक्काइस हजार) घुस/रिसवत वापतको रकम लिएको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा जिल्ला मोरङ, जहदा गाउँपालिका वडा नं. १ स्थित, हरिलाल सरवरियाको घरदेखि बाँधको जग्गासम्म सडक निर्माण योजनाको सम्झौता गरी कार्यान्वयन लगायत कार्यमा सहजीकरण गरीदिन्छु भन्ने बहाना बनाई आफू कार्यवाहक वडा अध्यक्षको हैसियतले सेवाग्राहीसँग घुस/रिसवत लिएको तथ्य पुष्टि हुन आएको देखिंदा निजले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएको स-प्रमाण पुष्टि हुन आएकोले निज कार्यवाहक वडा अध्यक्ष उमेशकुमार साहलाई बिगो रु. २१,०००।–(एक्काइस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरीएको छ ।

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी